# नेपाल राष्ट्र बैंक
## बैकिङ्ग कार्यालय, थापाथली काठमाण्डौ
## सामान लिलाम सम्वन्धि शिलवन्दी बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति: २०६६।९।१

यस कार्यालयका देहाय बमोजिमका पुराना फर्निचर, कार्यालय सामान, कम्प्युटर एसोसिरिज तथा विविध सामान, आदि जे जस्तो अवस्थामा छन् सोही अवस्थामा शिलवन्दी बोलपत्रको माध्यमवाट लिलाम बिक्री गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति वा फर्महरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्द्र) दिनभित्र सिलवन्दी बोलपत्र पेश गर्न आव्हान गरिएको छ ।

| समुह | लिलाम हुने मालसामान | न्यूनतम मूल्य |
|---|---|---|
| (क) | फर्निचर तथा फिक्चर | रु ९१,८००।०० |
| (ख) | कार्यालय सामान | रु ५५,४७५।०० |
| (ग) | कम्प्युटर एसोसिरिज | रु २८१००।०० |
| (घ) | विविध | रु ३८७३५।०० |
| | जम्मा | रु २,१४,११०।०० |

(१) लिलाम शिलवन्दी बोलपत्र खुल्ने स्थान, समय र मिति:
(क) स्थान: बैकिङ्ग कार्यालय थापाथली, काठमाण्डौ ।
(ख) समय: दिनको २ वजे ।
(ग) मिति: २०६६।९।१६

(२) बोलपत्र साथ कबोल गरेको रकमको पाँच प्रतिशतले हुन आउने रकम बराबर यस कार्याल स.के.हि. धरौटी हिसाव नं १३७ (DH0000) नं को खातामा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनु पर्नेछ । वा बोलपत्र पेश गर्ने अन्तिम मितिले तीस दिन मान्य अवधि रहेको बैंक जमानत (बैंक ग्यारेन्टी) बोलपत्र साथ सँलग्न गर्नु पर्नेछ ।

(३) लिलाम सम्बन्धी बोलपत्र स्वीकृत भएको जानकारी दिएको मितिले तीन दिन भित्र सम्झौता गर्नु पर्नेछ । अन्यथा बोलपत्र रद्द गरी धरौटी वापत जम्मा गरेको रकम जफत गर्न सकिनेछ ।

(४) बोलपत्र फाराम रु ५००।– (रु पांचसय मात्र) (फिर्ता नहुने गरी) बुझाई यस कार्यालयबाट लिन सकिनेछ ।

(५) लिलाम हुने सामान हेर्न/बुझ्न चाहनेले कार्यालय समय १० बजे देखि ३ बजेसम्म हेर्न आउन कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

(६) लिलाममा भाग लिने इच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र इच्छुक फर्म वा कम्पनीले आफ्नो इजाजतपत्र तथा फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नविकरण गरिएको) स्थाई लेखा नम्वर लिएको वा मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।

(७) अन्य कुराहरु वुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयको स्टोर फांटमा सम्पर्क राख्न सकिने छ ।